# शिखर नगरपालिका तल्कोट डोटीको तेह्रौ नगरसभामा प्रस्तुत
# आ.ब.२०८०/०८१ को
# निति, कार्यक्रम तथा बजेट

## शिखर नगरपालिका नगर कार्यपालिकाको कार्यालय
तल्कोट, डोटी

(सुदुरपश्चिम प्रदेश)

# आर्थिक वर्ष २०८०/०८१ को नीति कार्यक्रम तथा बजेट

मिति २०८०।०३।१०

शिखर नगरपालिका नगर प्रमुख, प्रमुख प्रशासकिय अधिकृत, नगरसभाका सदस्यहरु,लगायत उपस्थित सम्पुर्ण महानुभावहरु

सर्वप्रथम शिखर नगरपालिकाको नगरसभाकोतेह्रौ नगर अधिवेशनमा यहाँहरु सम्पुर्ण महानुभावहरुलाई हार्दिक स्वागत गर्दछु ।

नगरसभाका अध्यक्ष एवं नगर प्रमुख ज्यू

वडाध्यक्ष ज्यूहरु, नगरसभाका सम्पुर्णसभासदसदस्य ज्यूहरु र उपस्थित सम्पूर्ण भद्र महिला तथा सज्जनवृन्द !!!

सर्वप्रथम ईतिहासको विभिन्न कालखण्डमा देशमा सुशासन कायम गर्न आफ्नो ज्यान उत्सर्ग गर्ने ज्ञात अज्ञात शहिदहरुप्रति हार्दिक श्रद्धासुमन व्यक्त गर्दै समवेदना व्यक्त गर्न चाहन्छु । नेपाल बहुजाति, बहुभाषिक, बहुसाँस्कृतिक एकता भएको एक स्वतन्त्र अभिभाज्य देश हो भने यहाँ राष्ट्रिय एकता स्वतन्त्रता र स्वाभीमानलाई अक्ष्युर्ण राख्दै देशको समानता तथा समुचित विकासका लागि विभिन्न धर्म, लिङ्ग, पेशा, जातजातिको जनसहभागिता एवं समान अवसर सहित मुलुकमा स्थापना भएको संघीयता पश्चात सम्पन्न स्थानीय तहको निर्वाचनमा निर्वाचित भई यस सम्मानित सभा समक्ष नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा हर्षित भएको छु । यस नगरका नगरवासीको अगाध आस्था, माया र प्रेरणाबाट प्रेरित भई मैले शिखर नगरपालिकालाई साँस्कृतिक जीवन्त नगरका रुपमा अगाडि बढाई नेपालभरि नै यस नगरको गौरवलाई उच्च राख्न केही महत्वपुर्ण नीति तथा कार्यक्रम नगरसभा समक्ष प्रस्तुत गर्न पाउँदा हर्षविभोर भएको छु ।

नेपालको संविधान तथा विद्यमान रहेका कानूनले दिएको अधिकारहरुको प्रयोग गर्दै हामीले स्थानीय सरकारको कार्यभार सम्हालेको १ वर्षको समय व्यतित गर्दा हालसम्म विभिन्न कानून तथा नीतिगत अस्पष्टताका बाबजुत पनि स्थानीय सरकारको हैसियतले कार्यसम्पादन गरी तेह्रौ नगरसभाको यस गरिमामय सभामा आर्थिक वर्ष २०८०/०८१को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मैले गौरव महसुस गरेको छु ।

हामीले यस शिखर नगरपालिकाको जिम्मेवारी सम्हालेको एक वर्षको समयावधी व्यतित हुँदा **सिंहदरबारको अधिकार सबै नगरवासीको घर आँगनमा** पुऱ्याउने अवधारणालाई साकार पार्नका लागि अधिंकाश वडा कार्यालयहरु सम्बन्धित वडाहरुमा नै स्थापना गरी सेवा प्रवाह भईरहेको कुरा यस सभाका सभासदहरुलाई जानकारी गराउन चाहन्छु । उक्त कार्यमा होस्टेमा हैसी गरी प्रत्यक्ष वा अप्रत्यक्ष सहयोग गरी योगदान पुऱ्याउनु हुने सम्पुर्ण सहकर्मी जनप्रतिनिधी ज्यूहरु, राजनीतिक दलका आरदणिय प्रतिनिधी, राष्ट्रसेवक कर्मचारी, विभिन्न पेशामा सँलग्न हुनुभएका पेशा व्यवसायकर्मी, समाजसेवी, बुद्धिजिवी, सँचारकर्मी तथा सुरक्षा निकायका अधिकारीज्युहरु लगायत मेरो साथमा साथ दिनुहुने आदरणीय शिखर नगरवासी दाजुभाई तथा दिदीबहिनीहरुलाई मुरी मुरी धन्यवाद दिदै हामीलाई रचनात्मक सुझाव प्रदान गरि अझै हाम्रो उत्साहमा थप बल दिई यो शिखर नगरपालिकाको विकासमा एक इट्टा थप्न प्रेरणा दिनुहुनेछ भन्ने आशा र अपेक्षा राख्न चाहन्छु । नगरको विकास हाम्रो सुख, शान्ति र अमनचयनसँग जोडिएको छ । हाम्रा आवश्यकतालाई परिपुर्ती गर्न सबै क्षेत्रबाट उत्तिकै सहयोग पुग्नु अपरिहार्य हुन्छ । यसका अलावा हामीहरुलाई समय समयमा रचनात्मक सुझाव प्रदान गरि नगरको विकासमा साझेदार बन्नु सबै आम उपभोक्ता, सेवाग्राही र सरोकारवालाको महत्वपुर्ण भुमिका रहने भएकाले सुझाव ग्रहण गरि सो बमोजिमको कार्य गर्नका लागि हामी जनप्रतिनिधी सदैव नगरवासिको सेवक भई पालिकाको ढोकामा पहरेदारको रुपमा रहेको समेत यस सम्मानित सभालाई जानकारी गराउन चाहन्छु ।

यस शिखर नगरपालिकामा अझै पनि गरिबी, बेरोजगारी, अन्धविश्वास, रुढिवादी परम्परा र पछ्यौटेपन विद्यमान रहदै आएको वर्तमान सन्दर्भमा यी समस्याहरुलाई समाधान गर्नु हामीहरुका चुनौति हुन भने अर्कोतिर समाज

विकासका लागि निरन्तर लागि नगरको विकासमा साझेदार भई हामीहरुलाई नगरवासीहरुले दिनुभएको अमुल्य जिम्मेवारीलाई पुरा गर्ने दायित्व यहाँ उपस्थित निर्वाचित जनप्रतिनिधीहरुको काँधमा आईपरेको छ । यसलाई हामीहरु सबैले एक अत्यन्त ठुलो जिम्मेवारी प्राप्त भएको ठानीसोही बमोजिम भुमिका निर्वाह गर्नका लागि म सबै जनप्रतिनिधीज्यूहरुलाई विनम्र अपिल गर्दछु ।

समग्र नगरको विकासका पहरेदारकोजिम्मेवारी हाम्रो दायित्व र काधमा रहेको र उक्त कार्य हामी जनप्रतिनिधीहरुको एक्लो प्रयासबाट मात्र सम्भव हुनसक्दैन ।यो तितो यथार्थ हो । यसर्थ हामीलाई सहि कार्यदिशा दिन, प्रचलित कानूनको अधीनमा रहि नियमसँगत रुपमा काम गर्न र कार्यालयीय काम कारवाहीमा थप मद्धत गर्न यस शिखर नगरपालिका क्षेत्रभित्र खटिरहनुभएका राष्ट्रसेवक कर्मचारी ज्यू र सम्पुर्ण नगरवासी तथा विकासका साझेदार गैह्रसरकारी सँस्थाहरुको उत्तिकै सहयोग अपरिहार्य रहेको छ । यहि सिलसिलामा हामीले जिम्मेवारी लिएका दिनदेखिआजको समयसम्म आईपुग्दा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सम्पुर्ण कर्मचारी, नगरवासी तथा सरोकारवालाले दिएको सुझाव र प्रेरणालाई आत्मसाथ गरिनगरको तर्फबाट सम्पुर्ण महानुभावहरुलाई उच्च सम्मान प्रकट गर्दछु साथै हामीलाई नगरवासीको तर्फबाट प्राप्त भएकोजिम्मेवारीलाई आफ्नो कर्तव्य ठानी निष्ठापुर्वक अहोरात्र खटिई उक्त जिम्मेवारी पुरा गर्नेछौ भनी पुर्ण विश्वास समेत दिलाउन चाहन्छु । हाम्रो शिखर नगरपालिकाभित्र ऐतिहासिक, पर्यटकिय, साँस्कृतिक र धार्मिक महत्व बोकेका देवस्थलहरु रहेका छन् भने यसै नगरपालिकाको काखबाट बगीरहेकी सेती नदीले झनै शितलता प्रदान गरि सुन्दरता थप्ने कार्य गरिरहेकोमा उक्त पर्यटकिय स्थलहरुको भ्रमणका लागि आउने पर्यटकका लागि विभिन्न किसिमको पुर्वाधारहरुको निर्माण तथा व्यवस्थापनका लागि सम्बन्धित सबै सरोकारवाला निकायहरुको ध्यान जानु उत्तिकै महत्वपुर्ण रहेको कुरा यस सम्मानित सभामा अनुरोध गर्न चाहन्छु ।

सम्मानित तेह्रौ नगरसभाबाट यस नगरपालिकाको आगामी रणनीति तयार गरी विकासको खाका कोर्नका लागि हामीलाई प्राप्त भएको जिम्मेवारीलाई ग्रहण गर्दै हामीसँग भएको सिमित स्रोत र साधनको सदुपयोग गरी सबै क्षेत्र र वर्गको विकासका लक्ष्य पुरा गर्नुपर्ने जिम्मेवारी हामी सबैको काधमा रहिआएको छ। यस नगरभित्र रहेका विभिन्न धार्मिक तथा पर्यटकिय स्थलहरुको अल्पकालीन र दिर्घकालीन विकासकानिम्ति सँघीय सरकार, प्रदेश सरकारबाट प्राप्त हुने अनुदान, आन्तरिक स्रोत, विकास साझेदारहरुबाट प्राप्त हुनसक्ने सहयोग समेतलाई मध्यनजर गरी लोककल्याणकारी अवधारणा, सँविधानले परिकल्पना गरेको समाजवादतर्फको यात्रा र विकासको क्रममा आर्थिक, सामाजिक र साँस्कृतिक रुपमा पछाडि परेका समुदायहरु समेतलाई मध्यनजर गर्दै नगरवासीको सर्वोपरी हितलाई केन्द्र भागमा राखीआर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम तयार गरिएको जानकारी सबैमा अवगत गराउन चाहन्छु ।

**अध्यक्ष महोदय,**

वि.सं.२०७३ सालमा तत्कालीन अवस्थामा रहेका गाउँ विकास समितिहरु कपल्लेकी, मुडेगाउँ, मुड्भरा, पचनाली, तिजाली, लाटामाण्डौं, जिजोडामाण्डौं, बनलेक एवं बारपाटालाई मिलाएर एक ढिक्कामा बाधी शिखर देवताको नामबाट नामाकरण गरि छुट्टै नगरपालिकाको पहिचान दिन सफल भएको यो शिखर नगरपालिका एक ऐतिहासिक नगरपालिका हो ।यस नगरपालिकाको क्षेत्रफल २८५.३९ वर्ग कि.मी. र जनसँख्या३०३९९रहेको छ । प्राकृतिक र धार्मीकदृष्टिकोणले अत्यन्तै महत्व राख्ने महाभारत ग्रन्थमा वर्णित महाभारत पर्वतको लामो श्रृङ्खला शिखर नगरपालिकाको शिरताजको रुपमा रहेको छ भने यस नगरपालिकको तल्लोक्षेत्रमा सेती नदी माला आकारमा रहेको हुँदा लेकदेखि वेशी औलसम्मको हावापानी यस क्षेत्रमा पाईन्छ । यस क्षेत्रलाई प्राकृतिक स्रोत साधनको दृष्टिकोणले डोटी जिल्लाकै महत्वपुर्णस्थानीय तहको रुपमा लिन सकिने प्रशस्त आधारहरु रहेका छन । पानीको प्रचुरता भएको यस नगरमा सिंचाई एवंलघु जलविद्युत उत्पादन गरी विजुली बत्तीको बाल्न सकिने पनि प्रशस्त सम्भावना रहेका छन । हामीले प्राकृतिक स्रोत साधनको प्रयोगलाई राम्रोसँगउपयोग गर्नसक्यौ भने यस

नगरपालिकाको जीवनस्तरलाई निकै उचाई दिन सकिने प्रशस्त आधारहरु रहेका छन, धार्मिक पर्यटकीय दृष्टिकोणबाट पनि यस नगरपालिकाले निकै रोजगारी सिर्जना गर्नसक्ने, महाभारत पर्वतमा ट्रेकिङ्ग, सेतीमा र्‍याफ्टिङ्ग, सेतीका सहायक खोला गाडहरुबाट बिजुली, उच्च भेगमा स्याउ ओखर खेती, बीचको क्षेत्रमा सुन्तला, कागती, अमिलो अदुवा, दालचीनी खेती, तरकारी खेती र सेतीको तटीय क्षेत्र लगायतका क्षेत्रमा आँप, लिची, अनार खेती हाम्रा सम्बृद्धिका सम्भावना हुन ।

डोटी जिल्लामा शिखर नगरपालिका ऐतिहासिक, प्राकृतिक, साँस्कृतिक तथा धार्मिक दृष्टिकोणले महत्वपूर्ण रहेको क्षेत्र भएकोले विशेष पर्यटकीय केन्द्रको रूपमा विकास हुने सम्भावना छ । पवित्र धार्मिक एवं प्राकृतिक सौन्दर्यले भरिपूर्ण शिखर धार्मिक क्षेत्र, केदारेश्वर, सालमुनी एवं भागेश्वर लगायत शक्ति पिठहरु, सेती नदी एवं लामीताल, देउताल, खकरताल, चुरमुनी ताल लगायत महत्वपूर्ण ऐतिहासिक ताल तलैयाहरु जडीबुटी, वन पैदावर,कृषि, पशुपालन, नगदेबाली लगायत थुप्रै सम्भावनाका क्षेत्रहरू छन् । यी क्षेत्रहरूको प्रभावकारी प्रयोग र दिगो विकास गरी आत्मनिर्भर अर्थतन्त्रको विकास मार्फत विकासका क्षेत्रमा अहिलेसम्म भएका सकारात्मक प्रयास, राजनीतिक दलहरूबाट भएको सहयोग, विकास साझेदारहरूको प्रयास, विभिन्न सरकारी एवं गैह्रसरकारी निकायहरूको सहयोग, समन्वय र सहकार्य, निजी क्षेत्रको प्रवेश, सँचारकर्मी तथा नागरिक समाज लगायत शिखरवासीको विकासप्रति रहेको चासो शिखरको समग्र विकासको लागि अवसरका रूपमा लिएको छु ।

कृषि, वन वातावरण तथा अन्य पूर्वाधार र सशक्तिकरणका कार्यक्रमहरूमा विभिन्न सरकारी तथा गैह्र सरकारी क्षेत्रबाट वर्षेनी लाखौं लगानी भएतापनि खाद्य असुरक्षा, गरिबी, असमानता, जातीय भेदभाव, छुवाछुत , महिला हिंसाका घट्नाहरूबाट पार पाउन सकिएको छैन ।शान्ति सुरक्षाको अवस्था चुस्त दुरुस्त एवं प्रभावकारी वनाउन सकिएको छैन ।दुर्गमता, निरक्षरता र अदक्षताले गाँजीरहेको छ । नगरपालिकाको आन्तरिक आयस्रोत अत्यन्तै न्युन हुनु, विकासको प्रतिफल लक्ष्यित समुदायसम्म पुर्‍याउन नसक्नु थप चुनौतिहरूका रूपमा रहेका छन् । नगरपालिका र वडाहरूले शून्य अवस्थाबाट काम शुरू गर्नुपर्दा धेरै कठिनाइहरू व्यहोर्नु परिरहेको छ । उल्लेखित चुनौतिहरूको  बावजुत सबै सरोकारवाला निकायहरूको समन्वय र सहकार्यमा दिगो विकास गरी यसका प्रतिफल लक्ष्यित समुदायसम्म पुर्‍याउन हामीले सामुहिक प्रयास गर्नु निरन्तर आवश्यक रहेको कुरा स्मरण गराउन चाहन्छु ।

सबै वर्ग, क्षेत्र, जातजाति, उमेर समूह, लिङ्ग, विपन्न वर्ग, असहाय, अपाङ्गता भएका व्यक्तिहरुलाई विकासको मूल प्रवाहमा ल्याई समुन्नत नगर बनाउनुपर्नेमा प्रतिवद्ध भएर लाग्नुपर्ने अवस्था रहेको छ ।

**आदरणीय सभासद् ज्यूहरु,**

अब म शिखर नगरपालिकाको लक्ष्य, नीति तथा कार्यकमतर्फ ध्यानाकर्षण गर्न चाहन्छु ।

- सामाजिक साँस्कृतिक रुपमा समृद्ध, भौतिक पुर्वाधार तथा आर्थिक रुपले आत्मनिर्भरसफा, सुन्दर र सुरक्षित नमुना बस्तीको रुपमा विकास गर्ने ।
- यस शिखर नगरपालिकालाई पूर्वाधार सहित सुविधा सम्पन्न शहर बनाईनेछ । साक्षरता, औशत आयु, खाद्यको अधिकार, प्रतिव्यक्ति आयमा वृद्धि रमातृ,शिशु र बाल मृत्युदर घटाई उत्कृष्ट मानव विकास सूचकाङ्क भएको, विभेदरहित, जोखिम, लैङ्गिक हिंसामुक्त सामाजिक न्याय भएको नगरका रूपमा स्थापित गर्न योजना तय गरिनेछ ।
- भ्रष्टाचारमुक्त राजनीति र कर्मचारी प्रशासन एवं जनताप्रति जवाफदेही नगर प्रशासन बनाउने ।
- नगर तथा वडा कार्यालयहरुबाट प्रदान गर्दै आएका सेवा सुविधाहरु छिटोछरितो र प्रभावकारी बनाइने साथै आफ्नो टोल आफै बनाउन तथा स्थानीय स्रोत साधनकोप्रयोग, दक्ष जनशक्ति उत्पादन, रोजगारी, उद्यमशीलताको विकास, शहरी पूर्वाधार निर्माण र आधुनिकीकरणका लागि समाजमा रहेको विभेद र शोषणको अन्त्यका लागिरणनीति तयार पारी कार्यान्वयन गरिनेछ । यस शिखर नगरमा पुर्वाधार नभएका वडाहरूमा नगरस्तरीय गौरवकायोजनाहरु बनाई वडाहरूलाईसमृद्ध बनाउदै लैजाने योजना तय गरिनेछ ।

- जग्गाको वर्गीकरण गरी तत्काल जग्गाको कित्ताकाट गर्ने कार्यमा सघाउ पुर्याईनेछ ।
- सहकारी एवं निजी क्षेत्रको सहभागितामा आधारित आत्मनिर्भर अर्थतन्त्र निर्माणको लागि वन,नदी,खोला,ताल तथा जलाधार संरक्षण गर्दै प्रदूषण नियन्त्रण गरी पर्यावरण सन्तुलन रव्यापक जनसहभागितामा अभिवृद्धि गरी नमूना नगर बनाइनेछ । यस शिखर नगरपालिकालाई गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र रोजगारका साथै मनोरञ्जन, खेलकुद, कला, साहित्य, भाषा, सँस्कृति आदिको संरक्षण गरी पर्यटन, शिक्षा, खेलकूद, स्वास्थ्य र मनोरञ्जनको प्रमुख केन्द्रका रूपमा विकसित गरिनेछ ।
- अल्पकालीन तथा दीर्घकालीन विकास सम्बन्धी विस्तृत गुरूयोजना निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ । नगर आफैले विभिन्न सँघ सँस्था तथा दातृ निकायहरुसँग समन्वय तथा सहकार्य गरी विभिन्न क्षेत्रमा लगानी गरी समृद्ध नगर निर्माणको नीति लिइनेछ । नगरपालिकाको दिगो विकासका लागि महिला समुह, आमा समुह, सहकारी सँस्थाहरु, बालक्लब, किशोरी क्लब, युवाक्लब लगायत टोल विकास सँस्थाहरु मार्फत सामाजिक पुजीको (Social Capital)निर्माण र विकास गर्ने नीति लिईनेछ । नगरपालिका क्षेत्रमा हुने विपद्को व्यवस्थापनका लागि खडा भएको विपद् व्यवस्थापन कोषलाई कार्यविधी अनुसार प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । नगरवासीको आधारभूत आवश्यकताई पहिलो प्राथमिकतामा राखी बजेट विनियोजन गरिने नीतिलिईनेछ ।

**सभासदज्युहरू**,

यस शिखर नगरपालिकाले आर्थिक वर्ष २०८०/०८१ को लागि तपसिल बमोजिमका नीति व्यवस्था गरेको छ ।

**१) आर्थिक क्षेत्रः-**सर्वप्रथम आर्थिक विकास नै विकासको प्रमुख हो । आर्थिक क्षेत्र विकास नभई कुनै पनि स्थान, ठाउँ समृद्ध र आत्मनिर्भर हुनसक्दैन । सँघीय सरकारले ल्याएको **"समृद्ध नेपाल, सुखी नेपाली"** भन्ने नारालाई स्थानीयस्तरमा महसुस हुने गरी सो कार्यक्रमलाई अगाडी बढाउन यस नगरपालिकाले आ.ब. २०८०/०८१को आर्थिक क्षेत्रमा केहि कार्यहरु गर्ने नीति तय गरेको छ ।

**२.कृषि तथा पशुपालनः**-कृषिमा उत्पादनको सम्भावना भएका बालीहरुको विकास गरी उत्पादनलाई जोड दिईने नीति अबलम्बन गरिनेछ । **एक वडा उत्पादन पकेट क्षेत्र**को निर्धारण गरी कृषि उत्पादनलाई बढावा दिई तत् कार्यक्रमहरु कृषकको माग अनुरुप कार्यान्वयनमा लगिनेछ । यो पेशालाई व्यवसायीकरण गर्न उत्पादनमुखी खेतीमा प्रश्रय गर्ने र उत्कृष्ठ कृषकलाई पुरष्कृत गरिने, प्रदेश र संघीय सरकारसँग सहकार्य तथा समन्वय गरि उत्पादनमुखी खेती प्रणाली गर्ने नकमुना कृषकहरुलाई शिखर नगरपालिका क्षेत्रभित्र रहेको बाँझो (खेतीयोग्य) जमिनलाई बाँझो नराखी बेसार, तरकारी तथा फलफुल खेती गर्ने व्यवस्थाका लागि विशेष सहयोगको व्यवस्था गरिनेछ । छाडा पशुचौपायाहरुले खाद्यान्न, तरकारी तथा बालीनालीमा क्षति पुर्याईरहेकालेतिनीहरुलाई नियन्त्रण गर्नका लागि आवश्यक नियम बनाई छाडा गोरु छोड्ने मानिसहरुसँग सहकार्य गरी व्यवस्थापन गरिनेछकृषकहरुका लागि सिपमुलक तालिम, गोष्ठी सञ्चालन गरि उनीहरुको क्षमताको विकास गरिनेछ । शिखरका नगरवासीहरुको जीविकोपार्जन गरी गुणस्तरिय जीवन बिताउनसक्ने उद्धेश्यका साथ मसला उद्योग, मिठाई तथा बेकरी निर्माणका लागि तालिमको व्यवस्थापन गरिनेछ । साना घरेलु उद्योगहरुलाई प्रोत्साहन गरिनेछ ।कृषि कार्यका लागि आवश्यक पर्ने औजार निर्माण तथा मर्मत केन्द्रको स्थापना गरिनेछ ।

**३.स्थानीय बजार व्यवस्थापनः-**शिखर नगरपालिकाभित्र रहेका साना ठूला व्यवसायीक उद्योग तथा पसलहरूलाई कार्यालयमा दर्ता गरी राजश्वमा अभिवृद्धि गर्ने, बजारको गुणस्तर तथा सेवा प्रवाहको अवस्थाका बारेमाअनुगमन गरी थप सुविधा सम्पन्न र प्रभावकारी बनाईने योजना निर्माण गरिनेछ ।

**४.पर्यटनः-**शिखर नगरपालिका क्षेत्रमा धार्मिक र प्राकृतिक छटा भएका सम्पदाहरुलाई पर्यटकीयकेन्द्रको रुपमा विकास गर्न, पर्यटन प्रवर्द्धन गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ । शिखर नगरपालिका वडा नं. १ मा रहेको नापानी क्षेत्रमा पिकनिक स्पट र होमस्टे, वडा नं २ मा रहेको सालमुनि मन्दिर, वडा नं ४ मा रहेको शिखर काफली मन्दिर, वडा ६ मा रहेको सैम लुवाखाटी, वडा नं १० मा अवस्थित गङ्गा(गहनान)स्नान लगायत अन्य वडाहरुमा रहेका  प्रमुख धार्मिक स्थलहरुलाई विशेष सँरक्षण गरियोजना निर्माण गरि राष्ट्रियस्तरको पर्यटकीय क्षेत्र घोषणा गराउन पहल गरिनेछ । साथै शिखर नगरपालिका वडा नं.१ स्थित समुवागाडदेखि नापानीसम्म, वडा नं ४ को शिखर काफलीसम्म जाने मार्ग पहिल्याउन सहजताका लागि पचनाली देखि मुड्भरासम्म आवश्यक स्थानहरुमा आगन्तुक पर्यटकहरुको लागि स्वागत कक्षहरु निर्माण गरिने योजना ल्याईनेछ ।

**५.शिक्षा तथा खेलकुदः-**शिखर नगरपालिकाभित्र आधारभूत तहसम्म अध्ययन गर्ने सबै बालबालिकाहरुलाई शिक्षा उपलव्ध गराउनविद्यार्थी अनुपातमा विद्यालयहरुलाई अनुदानको व्यवस्था गरिने र नगरपालिकाभित्र रहेकासामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि आवश्यक पुर्वाधार, सुचना प्रविधीको विकास, शैक्षिक सामग्री उपलब्ध, विज्ञान प्रयोगशालाको भरपुर प्रयोग, शिक्षकको दरबन्दी मिलान तथा विद्यालय समायोजन गरी शैक्षिक उन्नयनका लागि गुणस्तरीय शिक्षामा जोड दिने र स्थानीय पाठ्यक्रम निर्माण गरि लागु गरिनेतथा नगरको शैक्षिक क्यालेण्डरलाई निरन्तरता दिईनेछ । दलित, गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृति तथा शैक्षिक सामग्रीको व्यवस्था गराईनेछ ।युवाहरु राष्ट्रका गहना भएकाले खेलकुदमा विशेष जोड दिई विभिन्न खेलकुद प्रतियोगिता सञ्चालन तथा खेल सामग्री उपलब्ध गराईनेछ ।नगरक्षेत्रमा खेलकुदको विकासकालागि मेयर कप र राष्ट्रपति रनिङ्ग शिल्डजस्ताप्रतियोगितालाई निरन्तरता दिईने, खेलाडीहरुलाई खेलप्रति अभिप्रेरित गर्नका लागि विशेष योजना ल्याइनेछ साथै सामुदायिक विद्यालयको शैक्षिक उपलब्धीको मुल्याङ्कन गरी उत्कृष्ट विद्यालय तथा विद्यार्थीहरुलाई पुरष्कृत गरिनेछ । नगर शिक्षा समितिले मुल्याङ्कन तथा अनुगमन गरी कार्यसम्पादनमा उत्कृष्ट शिक्षकलाई पुरुस्कृत दिने कार्यलाई निरन्तरता दिईनेछ तथा शैक्षिक योजना पुरा नगरी वेवास्ता गर्ने शिक्षकलाई सजग गराईनेछ । सामुदायिक विद्यालयमा अध्ययनरत छात्रा विद्यार्थीहरुको निरन्तर पठनपाठनमा सहजता गराउन सेनिटरी प्याडको व्यवस्था गराईनेछ । नगरपालिका क्षेत्रभित्र रहेका ५ वटा विद्यालयहरुलाई नमुना विद्यालयका रुपमा विकास गराईनेछ र तहगत रुपमा विद्यालयको शैक्षिक सुधारका लागि पहल गरिनेछ तथा शिक्षा क्षेत्रको विकास तथा सुधारका लागि शिक्षाविदको उपस्थितिमा अडियो र भिडीयो सहितको शैक्षिक बहस, अन्तरक्रिया एवं तालिम कार्यक्रम सञ्चालन गरिनेछ । १ वडा, १ नमुना विद्यालयको अवधारणालाई मुर्त रुप दिन विशेष कार्यक्रम ल्याईन व्यवस्था गरिनेछ । प्र.अ. शिक्षक तथा कर्मचारीहरुको पेशागत विकासका लागि विभिन्न क्षमता अभिवृद्धि तालिमको व्यवस्था गरिनेछ । बालबालिकाहरुको प्रतिभाको पहिचान, विकास तथा प्रष्फुटनका लागि विभिन्न विधाका कार्यक्रमलाई निरन्तरता दिईनेछ वडा तथा नगरस्तरिय कार्यक्रम र  विद्यालयका अतिरिक्त कार्यक्रमलाई निरन्तरता दिईनेछ । नेपाल सरकारको शैक्षिक नीति बमोजिम निजी क्षेत्रका विद्यालयहरुले छात्रवृति दिनुपर्ने व्यवस्था लागु गर्न निर्देशन दिइनेछ । बालविकास शिक्षक तथा विद्यालय कर्मचारीहरुको नगरबाट थप गरिएको तलबलाई निरन्तरता दिईनेछ । विद्यालय र बालबालिकाप्रति सचेत रहन अभिभावक सचेतना कार्यक्रम ल्याइनेछ । विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक सँघका अध्यक्ष तथा पदाधिकारीको क्षमता विकासका लागि कार्यक्रम ल्याईनेछ । आधारभुत तह कक्षा ८ को नगरस्तरिय परीक्षाको व्यवस्थापन तथा प्रमाणिकरणलाई निरन्तरता दिईनेछ । प्रत्येक वडामा रहेको पायक पर्ने विद्यालयलाई स्रोत विद्यालयका रुपमा निरन्तरता दिईनेछ । नगरभित्रका सामुदायिक विद्यालयहरुमा आईसिटी, साइन्स ल्याब र पुस्तकालय स्थापनाका लागि पहल गरिनेछ । विद्यालयमा विपद व्यवस्थापन सचेतनामुलक तथा पूर्व तयारी योजना, लागुपदार्थ दुर्व्यसनी सम्बन्धी सचेतनामुलक कार्यकम ल्याईनेछ ।

**६.आधारभुत स्वास्थ्यः-**शिखर नगरपालिकाभित्रका स्वास्थ्य चौकीहरुको अवस्था अध्ययन गरी औषधीको सहज पहुँच पुचाउन पहल गरिनेछ साथै निर्माणाधीन नगर अस्पतालको निर्माण कार्य सम्पन्न गर्नका लागि सम्बन्धित

निकायसँग समन्वय र सहकार्य गरिनेछ ।ज्येष्ठ नागरिकहरुका लागि आवश्यकता अनुसार समय समयमा स्वास्थ्य शिबिर सञ्चालन गरिनेछ । **ज्येष्ठ नागरिकसँग मेयर** कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिइनेछ ।नगरभित्र महामारी रोग फैलिन नदिन सजगता अपनाईनेछ । यस्तो अवस्थामा स्वास्थ्यकर्मी र औषधीको सहज उपलब्धता र आपुर्तीका लागि विशेषज्ञ सहितको सेवा प्रदान गर्ने व्यवस्था गरिनेछ । नगरभित्रका आम उपभोक्ताहरुको स्वास्थ्य सेवा अभिवृद्धि गर्न नगरका बाँकी रहेका स्वास्थ्य चौकीहरुमा ल्याब (प्रयोगशाला) स्थापना गरि परिक्षण कार्य गरिने नीति बनाईनेछ । नगरभित्रका स्वास्थ्य सँस्थामा सुत्केरी हुन आउने महिलाहरुलाई तथा जटिलता भई प्रेषण गर्नुपर्ने भएमा निःशुल्क रुपमा प्रदान गर्दै आएको एम्बुलेन्स सेवालाई निरन्तरता दिईनेछ । आँखा शिविर, पाठेघर खसेका महिलाहरुका लागि प्रदान गरिने सेवा लगायतका स्वास्थ्य क्षेत्रका क्रियाकलापहरुलाई निरन्तरता दिईनेछ । शिखर नगरपालिकाभित्र रहेका स्वास्थ्य सँस्थाहरुमा क्रमिक रुपमा स्तनपान कक्ष निर्माण गरिनेछ ।अपाङ्गता भएका व्यक्तिहरुलाई नगरपालिकाबाट नै परिचयपत्र वितरण गर्नका लागि पहल गरिनेछ ।

**७.महिला तथा बालबालिकाः**-एकल महिला, हिंसाबाट प्रताडित, द्वन्द्ध पीडित महिला तथा पछाडि पारिएका महिलाहरुको लागि नेतृत्व क्षमता विकास, जनचेतनामुलक तथा सशक्तिकरण कार्यक्रम सञ्चालन गरिनेछ । शिखर नगरपालिकालाई लैङ्गिक हिंसामुक्त नगर घोषणाका लागि आवश्यक काम गरिनेछ ।लागुऔषध, दुर्व्यसनी, मानव बेचविखन र ओसारपसार, असुरक्षित बसाईसराईको विषयमा आवश्यक जनचेतनामुलक तथा पुनर्स्थापनाका कार्यहरु गरिनेछ । शिखर नगरपालिकालाई बालमैत्री स्थानीय शासन(CFLG)कार्यक्रम लागु गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ । समाजमा हुने लागुपदार्थ दुर्व्यसनी, घरेलु हिंसा,बालविवाहजस्ता कानुनले प्रतिबन्ध गरेका विसङ्गति र विकृतिका विरुद्धमा महिला सँस्था, किशोरी सञ्जाल, बालक्लब सञ्जाल र आमा समुहको क्षमता विकास गरी योजनावद्ध रुपमा बनाई अगाडि बढाईनेछ । शिखर नगरपालिकाका कीशोर कीशोरीहरुको क्षमता विकास तथा जीवनोपयोगी सिपको विकास गर्न निरन्तर कार्यक्रम सञ्चालन गरिनेछ ।शिखर नगरपालिकालाई बालविवाह तथा बालश्रममुक्त नगर निर्माण गर्न वडास्तरिय कार्यक्रम सञ्चालन गरिनेछ । छाउपडिजस्ता कुप्रथा तथा कुरितीबाट प्रभावित महिला तथा बालबालिकाहरुको स्वास्थ्य तथा पोषण सम्बन्धमा चेतना अभिवृद्धिका लागि कार्यक्रम सञ्चालन गरिनेछ । अपाङ्गता भएका व्यक्तिहरुका लागि आयमुलक सीप तथा क्षमता विकास हुने कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ । ज्येष्ठ नागरिक, एकल महिला, अशक्त र फरक क्षमता (अपाङ्गता) भएका व्यक्ति, नागरिकलाई सम्बन्धित वडा कार्यालयको सिफारिसमा सामाजिक सुरक्षा भत्ता प्रदान गर्न सहजता ल्याइने छ । घरेलु हिंसा, लैङ्गिक हिंसा, छाउपडि, मानव बेचविखन तथा ओसारपसारबाट पीडित भएका महिला तथा हिंसापीडितहरुको सुरक्षा तथा पुनर्स्थापनाका लागि कसुर र सजाय सम्बन्धी ऐनलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । लागु औषधदुर्व्यसनीलाई निरुत्साहित पार्न र रोकथामका लागि सरोकारवाला सँघ सँस्थासँग समन्वय र सहकार्य गरी विद्यालय तथा समुदायस्तरमा जनचेतनामूलक कार्यक्रमहरुसञ्चालन गरिनेछ । टुहराबालबालिकाहरुको यातायात, स्वास्थ्य र शिक्षा सेवामा निःशुल्क गर्न सबै सरोकारवालासँगसहकार्य र समन्वय गरिनेछ ।विपन्न महिलाहरुका लागि दिगो आयआर्जन र सिपमुलक कार्यक्रम सञ्चालन गरि जीविकोपार्जनमा मद्धत पुर्याईनेछ । परम्परागत सिप तथा पेशालाई आधुनिकिकरण गरी  बजारीकरण गर्नका लागि आवश्यक तालिम र प्रविधीयुक्त सिप प्रदान गरिनेछ । महिलासँग उपमेयर कार्यक्रमअन्तरगत एकल महिलासँग उपमेयर मेरो साथी कार्यक्रम देश भरकै उत्कृष्ट कार्यक्रम हुन सफल भएकाले सो कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**८.मेलमिलाप तथा मध्यस्थताः-**शिखर नगरपालिका क्षेत्रभित्रका नागरिकहरूको गुनासा तथा नागरिकहरु बीचका सानातिना वादविवादहरुलाई स्थानीयस्तरमै सम्बोधन गर्न मेलमिलापको प्रक्रियालाई बिस्तार गरिनेछ ।मेलमिलाप तथा मध्यस्थताबाट समाधान हुन नसकेका मुद्धाहरुलाई समयमा नै सुनुवाई गर्नका लागि नगरमा न्यायिक समितिकाकाकार्यक्रमलाई बढावा दिईनेछ साथै मेलमिलापकर्ताहरुको सुची तयार गरि तत्काल मेलमिलाप कार्य

अगाडि बढाईनेछ । न्यायिक समितिको अधिकारक्षेत्र पर्ने घट्नाहरुलाई दर्ता गरी प्रक्रियागत रुपमा सुनुवाई गरिनेछ ।

**९.पुर्वाधार क्षेत्र, सडक र सिचाई**:-शिखर नगरभित्र रहेका शाखा सडकहरूको स्तरोन्नति र बिस्तार गर्नुका साथै वडाहरुको सडकसञ्जाल निर्माण गरिनेछ । प्रत्येक वडाका केन्द्रलाई टोल र गाउँहरूसँग जोड्ने सडकहरूको बिस्तार र स्तरोन्नति गरिनेछ । अधुरा र जिर्ण रहेका विद्यालय भवन, स्वास्थ्य चौकी, खानेपानी धारा, पुललगायतको स्थलगत अध्ययन गरि मर्मत सम्भार गर्ने र अधुरा रहेका योजनाहरुलाई तत्काल निर्माण गर्नका संघीय सरकार र प्रदेश सरकारसँग समन्वय तथा सहकार्य गरिनेछ । नगरभित्र बन्ने भवन तथा अन्य सँरचनाहरु वालमैत्री तथा अपाङ्गमैत्री बनाईने नीति अबलम्बन गरिनेछ ।सिचाई हुन नसकी बाँझो रहेको जमिनमा पानी पुर्याई सिचाईको व्यवस्थापन गरि उत्पादनशिल र उर्वर जमिन बनाउन पहल गरिनेछ ।

**१०.घर जग्गाधनीपुर्जा वितरण तथा भू–उपयोग नीतिः-**यस नगरपालिका क्षेत्रमा नापी नक्शा, घर,जग्गाधनीपुर्जा नगरपालिका क्षेत्रमा जग्गा खण्डीकरण गरी बिना स्वीकृति योजना गर्ने कार्यलाई सिफारिस रोक्का राख्ने नीति लिईनेछ । यस नीतिको पालना नगर्ने जनप्रतिनिधि र कर्मचारीहरूलाई सजग गराईनेछ । यस शिखर नगरपालिका क्षेत्रमा रहेका जग्गा,बाटो ,घर तथा अन्य क्षेत्रको कित्ता र क्षेत्रफलको समस्या समाधानका लागि डिजिटल प्रविधिमा आधारित नाप नक्शाङ्कन गर्नका लागि संघीय सरकार तथा सरोकारवालासँग आवश्यक समन्वय गरी कार्य गरिनेछ । यस नगरभित्र भएका शाखा सडकहरुको लगत कट्टा गर्ने कार्यका लागि सम्बन्धित सरोकारवाला निकायसँग सहकार्य र समन्वय गरिनेछ । भु उपयोग नीति, नियमावली कार्यान्वयनमा आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

**११.खानेपानीः-**शिखर नगरपालिकाभित्रका विभिन्न बस्तीमा एक घर एक धाराको व्यवस्था गर्नुका साथै खानेपानी विक्रिवितरण गर्ने कार्यलाई व्यवस्थित गर्दै लैजाने नीति लिईनेछ । अबको केहि समयमै नगरपालिकाका ११ वटै वडाहरुमा स्वच्छ, सफा र सुरक्षित खानेपानी पुर्ती गरिने व्यवस्था मिलाईनेछ । नगरभित्र जिर्ण रहेका नहर तथा खानेपानीको मर्मत गरि स्तरोन्नति गर्न पहल गरिनेछ ।वडा नं १ र २ को मुडे कपल्लेकी वृहत खानेपानी आयोजना, वडा नं ८ को वृहत खानेपानी आयोजना, वडा नं १० स्थित अमबोटे खानेपानी, वडा नं ११ को बल्यागडा सिचाई आयोजना, वडा नं ३, ४, ५ र ६ मा सञ्चालन भईरहेको माणीगडा वृहत खानेपानी योजनालाई निरन्तरता दिईनेछ ।

**१२. सुचना तथा सञ्चारः-** नगरभित्र सञ्चालनमा रहेका र सञ्चालनमा आउने एफ.एम.रेडियो, पत्रपत्रिकाहरु, अनलाईनहरु तथा टी.भी.को प्रसारण, सञ्चालन, दर्ता, नवीकरण नियमसङ्गगत अनुरुप व्यवस्थित गरिनेछ । सञ्चार माध्यमहरुको विकास र यस क्षेत्रमा कार्यरत सञ्चारकर्मीहरुको ज्ञान, सिप, क्षमता अभिवृद्धिका लागि आवश्यक पर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।स्थानीय सञ्चारमाध्यमहरुको विकास र प्रवर्द्धनका लागि स्थानीय सञ्चार माध्यम प्रवर्द्धन कार्यक्रम कार्यान्वयन गरिनेछ ।

**१३.नगरस्तरिय गौरवका आयोजना तथा परियोजनाहरूः-**गौरवका आयोजना अन्तर्गत कालोपत्रेकोप्रक्रियामा रहेका सडकहरुको स्तरोन्नतिका लागि संघीय सरकार तथा प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ ।

**१४.वन, वातावरण तथा विपद व्यवस्थापनः-** जलवायु परिवर्तनका असरलाई न्यूनीकरण गरी वातावरण संरक्षण गर्नका लागि यस आ.ब.मा वातावरण तथा विपद् व्यवस्थापनको क्षेत्रमा काम गर्ने नीति लिईएको छ । शिखरका नगर तथा वडास्तरमा विपद् व्यवस्थापन समितिलाई प्रभावकारी एवं व्यवस्थित गरिनेछ । नगरमा भूकम्प, असिना, आगलागी, बाढी, सर्पको टोकाई, चट्याङजस्ता प्रकोप र दुर्घटनाको व्यवस्थापन गर्न स्थापित विपद् व्यवस्थापन कोष व्यवस्थित एवं प्रभावकारी रुपमा सञ्चालन गरिनेछ । स्थानीय विपद कार्य सञ्चालन केन्द्र (LEOC) सञ्चालनमा ल्याई (DEOC)जिल्ला विपद सञ्चालन केन्द्र र (PEOC)प्रदेश आपतकालीन केन्द्रसँग समन्वय गरी

सञ्चालनमा ल्याईनेछ।प्रत्येक वडामा विपद् व्यवस्थापन समिति मार्फत आईपर्ने विपद्को तत्कालीन उद्धार तथा सहयोगमा सहजीकरण गरिनेछ । नगरभित्र रहेका सडक तथा अन्य जोखिम भएका स्थानहरुमा एक टोल एक सय बोट कार्यक्रम लागु गरि रुख रोपी संरक्षण गर्ने नीति अपाईनेछ ।

**१५. जलाधार, वन्यजन्तु, खानी तथा खनिजः-** शिखर नगरभित्रका वन तथा जङ्गलहरूको संरक्षण र नियमन गरिने छ साथै सार्वजनिक बाँझो जमिनहरूमा वृक्षारोपण गर्न स्थानीय वासिन्दाहरुलाई प्रेरित गरिनेछ । आगामी ५० वर्षभित्रको सोच राखि हुनसक्ने पानीको सङ्कटलाई मध्यनजर राखी वैकल्पिक पानीको स्रोतको खोजी गर्न आवश्यक प्रक्रिया अगाडी बढाई ती खानी तथा खनिज पदार्थको सँरक्षण तथा नियमन गरिनेछ । यस नगरभित्रकोसेतीनदी खोलामा रहेका गिटी, ढुङ्गा, वालुवाको उत्पादन,उल्खनन र संरक्षणका लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

**१६. सँस्थागत विकास, सेवा प्रवाह र सुशासनः-**शिखर नगर क्षेत्रभित्रको सडक, खानेपानी, बिजुली, दुरसञ्चार, फोहरमैला व्यवस्थापन, ढलनिकास आदिको एकिकृत सेवा र सुविधा प्रदान गरिनेछ । सुशासनका लागि आर्थिक पारदर्शिता भन्ने नीति कार्यान्वयन गर्न प्रमुख तथा उपप्रमुख लगायत कार्यपालिका सदस्यहरूले आफ्नो सम्पत्ति विवरण सार्वजनिक गरिनेछ । जनतालाई दिईने सेवालाई प्रभावकारी र सरल वनाउनका लागि सबै वडा कार्यालयहरूलाइ नगरपालिकासँग Internetसेवाप्रवाहलाई प्रभावकारी र कर्मचारीहरुलाई कामप्रति बफादार हुनका लागि प्रेरित गरिनेछ ।इन्टरनेटको पहुँच हुननसक्दा सेवा प्रवाहमा आएको समस्यासमाधान गर्ननगर क्षेत्रमा नेपाल टेलिकमको Nt Fiber Internet बिस्तार गर्ने प्रक्रिया अघि बढाई यस आर्थिक वर्षमाNt Fiber Net सञ्चालनमा ल्याईनेछ ।स्थानीय सरकारबाट प्रदान गरिने सेवालाई जनउत्तरदायी बनाउन नगरपालिका र प्रत्येक वडा कार्यालयहरूमा नागरिक बडापत्र, हेल्प डेस्क, नागरिक भेला, सार्वजनिक सुनवाई तथा सामाजिक परिक्षण, अनुगमन प्रणालीलाई पारदर्शी वनाउँदै सबै सुचनाहरु नगरपालिकाको वेवसाईटमा अद्यावधिक तथा व्यवस्थित गरिनेछ । शिखर नगरवासीका लागि शिक्षा, स्वास्थ्य, यातायात लगायतका आधारभूत सेवा र दैनिक उपभोग्य वस्तुहरू सहज र सुपथ मूल्यमा प्राप्त गर्न उद्योग वाणिज्य सँघ जस्ता सँस्थाहरुसँग समन्वयात्मक बैठक गरी आवश्यक व्यवस्था मिलाउन पहल गरिनेछ । नगरको आवश्यकता अनुसार कर्मचारी तथा नगर प्रहरीको व्यवस्था,सो सम्बन्धी प्रशिक्षणको व्यवस्थाका लागि सेवा निवृत र भू.पू.हरूको समेत ज्ञान र सिपको उपयोग गरिनेछ । नगरपालिकाका प्रेस सल्लाहकारले नगरका सुचना तथा जानकारीहरु सम्प्रेषित गरि आम नगरवासिलाई सुसुचित गर्ने व्यवस्थालाई निरन्तरता प्रदान गरिनेछ ।

**१८. तथ्याङ्क र अभिलेख सङ्कलनः-** सार्वजनिक तथा सरकारी सम्पत्तीको अभिलेख राखी सँरक्षण र सदुपयोग गरिने छ साथै मानव संशाधन, प्राकृतिक स्रोत साधन, धार्मिक, साँस्कृतिक, पुरातात्विक सम्पदाहरुको अभिलेखीकरण र अद्यावधिक गरी व्यवस्थित बनाईनेछ ।

**१८. कर,सेवा शुल्क तथा राजश्वः-** नगरबाट लिईने कर, राजश्व तथा सेवा शुल्कलाई व्यवस्थित र नियमित गरिनेछ । "हाम्रो नगर हाम्रो कर, समृद्ध बनाउने हाम्रै रहर" भन्ने नारालाई साकार पार्न नियमित कर तिर्ने करदातालाई वार्षिक रुपमा सम्मान गरिनेछ । कर प्रणालीका आधारमा करको दायरा बढाईनेछ । यस वर्षदेखि एकिकृत सम्पती कर शुल्क लागु गरिनेछ । शिखर नगरपालिकाको आन्तरिक आयलाई थप सुदृढिकरण र व्यवसायीहरुलाई करको दायरामा ल्याउनको लागि कर उत्प्रेरकको व्यवस्था गरिनेछ । नगरको आन्तरिक आयको विश्लेषण गरि श्रोतहरुको उपलब्धता एकिन गरिनेछ । राजश्व तथा कर असुलीका नयाँ स्रोतहरुको खोजी गरी नगरपालिकाको आन्तरिक आयलाई प्रभावकारी बनाईनेछ । मालपोत तथा भुमि कर भुमि वर्गिकरणको आधारमा निर्धारण गरि लागू गरिनेछ । विपन्न तथा गरिबी र फरक क्षमता भएको प्रमाणित गर्न गरिने सिफारिसलाई निःशुल्क गरिनेछ । व्यवसायीहरुले नगरपालिकामा आफ्नो व्यवसाय तथा फर्म वार्षिक रुपमा नवीवकरण नगरे घरेलु तथा साना उद्योग, उद्योग वाणिज्य सँघ तथा आन्तरिक राजश्व कार्यालयबाट दर्ता नवीकरण नहुने व्यवस्थाका लागि आवश्यक पहल गरिनेछ । नगरवासीहरूलाई सम्बन्धित वडा कार्यालयहरुबाट नै सम्पुर्ण कर तथा दस्तुर तिर्नका लागि सफ्टवेयर र आवश्यक जनशक्तिको व्यवस्था गरी कर तिर्ने व्यवस्था मिलाईनेछ । निवृत

हुनुभएका सैनिक, प्रहरी तथा शिक्षक, प्राध्यापक एवं राष्ट्रसेवकहरूको उचित सम्मान गर्दै वहाँहरूको अनुभव, ज्ञान, सिप र दक्षतालाई उपयोग गर्दै आवश्यक सुविधा सहित नगरको विकासमा परिचालन गरिनेछ ।

**१९. दीर्घकालीन कार्यक्रमहरू:-**बस्ती विकास कार्यक्रमद्वारा वादी र भूमिहीन परिवारहरुलाई एक परिवार एक घर कार्यक्रम कार्यान्वयनका लागि सम्भाव्यता अध्ययन गरिनेछ । आगामी ५ वर्षभित्र शिखर नगरपालिकालाई देशकै उत्कृष्ट शिक्षा, स्वास्थ्य, पर्यटन, सूचना प्रविधि र वातावरणमैत्री नगरपालिका बनाउन पहल गरिनेछ ।सुशासन लोकतन्त्रको आधारस्तम्भ भएकोले शिखर नगरपालिकाका कार्यहरुमा पारदर्शिता, आर्थिक अनुशासन तथा सामाजिक न्यायलाई अङ्गिकार गर्दै भ्रष्टाचारमुक्त विधीको शासन व्यवस्थाको सुनिश्चितता गरिनेछ । स्थानीय जनताको जीवनस्तरमाथि उकास्न स्थानीय ज्ञान, सीप र क्षमतालाई प्रश्रय दिने नीति अवलम्बन गरिनेछ । राष्ट्रको साँस्कृतिक धरोहर मानिने सम्पदा र सँस्कृतिलाई सम्बर्द्धन एवं प्रवर्द्धन गर्ने नीति मार्फत नगरपालिकाका कार्यक्रमहरु निर्देशित हुनेछन् । नगरका भौतिक तथा सामाजिक उत्थानका योजनाहरु बनाउँदा वातावरणीय पक्षलाई विशेष ध्यान दिईनेछ । नगरको विकास निर्माणको कार्यमा समुदाय, सहकारी, गैह्रसरकारी तथा निजी क्षेत्र लगायत साझेदार सँघसँस्थाहरुको सहकार्य आवश्यक पर्ने हुनाले सहभागितामूलक साझेदारीलाई प्रश्रय दिने र सँयुक्त लगानीको सम्भावना बढाउने कार्यहरुलाई प्राथमिकता दिइनेछ । नगरस्तरिय खेलमैदान निर्माण कार्यलाई दीर्घकालीन योजना रुपमा सम्पन्न गरिनेछ ।

**२०. अन्य सिपमुलक तथा आयमुलक कार्यक्रमहरुः-** विपन्न महिलाहरुका लागि आय-आर्जन तथा सिपमुलक कार्यक्रम मार्फत स्वरोजगारीको अवसरहरु सिर्जना गरिनेछ । परम्परागतदेखि नै आफ्नो पेशा व्यवसायमा लागेका दलित तथा आदिवासी जनजाति समुदायको परम्परागत सिप तथा पेशालाई आधुनिकिकरण र बजारीकरण गर्नका लागि आवश्यक सिपमुलक तालिम र प्रविधी प्रदान गरिनेछ । कृषि औजार निर्माण तथा मर्मत केन्द्रको स्थापना र सञ्चालन गरिनेछ । बेरोजगार युवाहरुलाई आवश्यक सिप, प्रविधी, अनुदान र सहुलियत ऋणको व्यवस्था गर्न प्रदेशतथा सँघीय सरकार तथा अन्य सरोकारवाला पक्षहरुसँग आवश्यक समन्वय गरी स्वरोजगारीका लागि प्रोत्साहित गरिनेछ । रोजगारी सिर्जना गर्ने उद्योग, व्यवसाय र सेवालाई कर छुटको व्यवस्था गरिनेछ । विपन्न तथा गरिव वर्गका युवाहरुलाई विभिन्न सिपमुलक तथा आयमुलक कार्यक्रम गरी स्वरोजगार बनाईनेछ ।

**२१)यातायातः–** नगरवासिहरुलाई नगरपालिकाले उपलब्ध गराउँदै आएको यातायात सेवा अन्तर्गतका सवारीसाधनको मर्मत, सम्भार गरि सुचारु गर्ने नीति लिईनेछ ।नगरभित्रका अपाङ्ग, ज्येष्ठ नागरिक, पत्रकार र गर्भवती महिलाहरुलाई यातायात सेवा निःशुल्क प्रदान गरिदै आएकोमा त्यसलाई निरन्तरता दिइनेछ । साथै यातायातका सेवा लिन यात्रु बस्ने तथा पर्खनका लागि आवश्यक पर्ने स्थानहरुको अध्ययन गरि यात्रु प्रतिक्षालयहरुको निर्माणका लागि पहल गरिनेछ ।

**विविध नीतिहरु**

- गैह्रसरकारी सँघ सँस्थाः गैह्रसरकारी सँघ सँस्थाहरुलाई एकद्धार नीति अवलम्बन गरिनेछ । नगरमा सँस्थाका लागि आवश्यक पर्ने सँस्थाहरुका लागि दक्ष युवा जनशक्ति उत्पादन गर्न क्षमता विकास तालिमको आयोजना गरिनेछ ।
- नगरक्षेत्रभित्र रहेका आम उपभोक्ताहरुलाई स्वरोजगारसँग जोडि लक्ष्यित तथा युवा वर्गका लागि दिगो कार्यक्रम ल्याईनेछ ।
- नगरकार्यपालिकाका कर्मचारी, पदाधिकारीहरु, राजनीतिक दल तथा सरोकारवालाहरुको क्षमता विकास गरि नगरपालिकाको सँस्थागत विकास कार्यलाई सुदृढ गरिनेछ साथै उक्त कार्यको लागि विभिन्न सँघ सँस्थाहरुसँग समन्वय गरि नगरको विकासमा टेवा पुर्याउनका लागि हातेमालो गरिने नीति ल्याईएको छ ।
- नगरविकासका साझेदार सँस्था, विकास कोष, बहुक्षेत्रीय पोषण योजना लगायतका कार्यक्रम एवं अन्य सँघसँस्था सहित सरोकारवालाहरुसँग समन्वय बढाई नगरकार्यपालिका कार्यालयमा सहजता ल्याउन**NGO DESK** स्थापना गरिनेछ ।

- शिखर नगरपालिकामा राष्ट्रिय तथा अन्तराष्ट्रिय गैह्र सरकारी सँस्थाहरूको लगानीलाई एकद्धार प्रणालीका आधारमा प्रोत्साहित गरिनेछ। उक्त सँस्थाहरूको कार्यमा हुनसक्ने दोहोरोपन हटाउन, समन्वय र सहकार्य अभिवृद्धि गर्न नगरपालिकाले विशेष सँयन्त्र बनाई सम्पर्क व्यक्ति तोकिनेछ।
- नगरक्षेत्रभित्र रहेका गैह्र सरकारी सामाजिक सँस्थाहरुको प्रोफाईल तयार गरिनेछ।
- मुख्य चाडपर्वको समयमा नगरवासीहरुलाई प्रत्यक्ष लाभ हुने गरि सुपथ मुल्य पसलहरु (नुन, चिनी, खानेतेल) सञ्चालनमा ल्याईनेछ।
- दलितवर्गको सामाजिक विकास, शसक्तिकरण र क्षमता विकासका कार्यक्रम सञ्चालन गर्न सरोकारवाला पक्षहरुसँग आवश्यक सहकार्य र समन्वय गरिनेछ।
- शिखर नगरपालिकाको भौगोलिक सिमाना सम्बन्धी विवादलाई समाधान गर्न आवश्यक पहल गरिनेछ।
- शिखर नगरपालिकामा ईन्जिनियरिङ्ग, वन विज्ञान, फार्मेसी, कृषि विज्ञान, प्राविधिक विषयमा स्नातक तह सम्मको पढाई सञ्चालनका लागि पहल गरिनेछ।
- यस नगरभित्रका सडकहरुकमो पेटीमा सडक बत्ती जडान गरिने नीति ल्याईनेछ।

नेपालको संविधान २०७२ जारी भई सम्पन्न स्थानीय तहको निर्वाचनबाट निर्वाचित नगरसभाले सँवैधानिक व्यवस्था अनुसार हालसम्म नगरसभाको वाह्रौं अधिवेशन सम्पन्न गरिसकेको छ। आज हामी दोस्रो कार्यकालका लागी शिखरवासीहरुले विश्वास दिलाई हामिहरुलाई यहाँ पुग्ने अवसर प्रदान गर्नुभएको छ यसका लागी शिखरबासीहरुलाई धन्यवाद ज्ञापन गर्दछौ र हामी नव निर्वाचित जनप्रतिनिधीहरुको पहिलो एवं यस शिखर नगरपालिकाको तेह्रौ अधिवेशनको अवस्थासम्म आईपुगेका छौं। सभामा उपस्थित सम्पूर्ण महानुभावहरुलाई आफ्नो अमूल्य समय प्रदान गरि नगरसभाको गरिमा बढाई दिनुभएकोमा हार्दिक कृतज्ञता सहित धन्यवाद ब्यक्त गर्न चाहन्छु।

यस वर्षको पुर्वार्द्धमा नै आर्थिक मन्दी भई देश आर्थिक सँकटतर्फ गइरहेको वर्तमान समयमा जटिल परिस्थितिउत्पन्न भईशिखर नगरपालिकाको आर्थिक वर्ष २०८०।०८१को नीति तथा कार्यक्रम यस गरिमामय नगरसभाको १३ औं अधिवेशन समक्ष प्रस्तुत गरिरहँदा यस नगरपालिकामा क्रियाशिल सबै राजनीतिक दल सरकारी गैह्रसरकारी सँघ सँस्थाहरु र सबै नगरवासीको सँयुक्त पहलकदमीबाट मितव्ययीता अपनाएको खण्डमा मात्र यसलाई ठिक ठाउँमा ल्याई विकासको गति अगाडी बढाउन सकिंन कुरामा दुईमत छैन।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान कार्यान्वयन भईरहेको अवस्थामा निर्वाचित जनप्रतिनिधीहरु मार्फत जनताले आफैलाई शासित गर्ने वातावरण निर्माण भएको सन्दर्भमा शिखर नगरपालिकालाई सँघीयताको मर्म अनुसारका विकास प्रक्रियालाई व्यवस्थित रूपमा सञ्चालन गर्न नेपालको संविधान,संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेका कार्यादेशहरू,स्थानीय सरकार सञ्चालन ऐन २०७४, स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४, नेपाल सरकारको विकास सम्बन्धी कार्य लक्ष्यरमान्यताहरू,नेपाल सरकारको नीति तथा कार्यक्रम,शिखर नगरपालिकाको आ.ब. २०७८/२०७९ को नीति तथा कार्यक्रम,दिगो विकासका लक्ष्य, विभिन्न व्यक्तिहरुबाट सङ्कलित सुझावहरुलाई आत्मसाथ गरि आ.ब २०८०/०८१को नीति तथा कार्यक्रम तयार गरिएको छ।

**अध्यक्ष महोदय,**

वि.सं.२०७३ सालमा स्थापित शिखर नगरपालिका तत्कालीन कपल्लेकी, मुडेगाउँ, मुडभरा, पचनाली, तिजाली, लाटामाण्डौं, जिजोडामाण्डौं, बनलेक एवं बारपाटा गा.वि.स.हरु मिलाएर बनाईएको नगरपालिका हो।यस

नगरपालिकाको क्षेत्रफल २८५.३९ वर्ग कि.मी. र जनसँख्या ३०३९९रहेको छ । प्राकृतिक र धार्मिकदृष्टिकोणले ज्यादै महत्व राख्ने महाभारत ग्रन्थमा बर्णित महाभारत पर्वतको लामो श्रृङ्खला शिखर नगरपालिकाको शिरताजको रुपमा रहेको छ भने यस नगरपालिकाको तल्लोक्षेत्रमा सेती नदी माला आकारमा रहेको हुँदा लेकदेखि बेशी औल सम्मको हावापानी यस क्षेत्रमा पाईन्छ । यस क्षेत्रलाई प्राकृतिक स्रोत साधनको दृष्टिकोणले डोटीकै अग्रणी स्थानीय तहको रुपमा लिन सकिने प्रशस्त आधारहरु रहेका छन । पानीको प्रचुरता भएको यस नगरमा सिंचाई एबं बिजुली बत्तिको उत्पादनका लागि पनि प्रशस्त सम्भावना रहेका छन । हामीले प्राकृतिक स्रोत साधनको प्रयोगलाई राम्रो संग उपयोग गर्न सक्यौ भने यस नगरपालिकाको जीवनस्तरलाई निकै उचाइ दिन सकिने प्रशस्त आधारहरु रहेका छन, धार्मिक पर्यटकीय दृष्टिकोणबाट पनि यस नगरपालिकाले निकै रोजगारी सृजना गर्न सक्ने, महाभारत पर्वतमा ट्रेकिङ्गसेतीमा र्‍याफ्टिङ्ग, सेतीका सहायक खोला गाडहरुबाट बिजुली, उच्च भेगमा स्याउ ओखर खेती, बीचको क्षेत्रमा सुन्तला, कागती, अमिलो अदुवा, दालचीनी खेती, तरकारी खेती र सेतीको तटीय क्षेत्र लगायतका क्षेत्रमा आंप, लिची, अनार खेती हाम्रा सम्बृद्धिका सम्भावना हुन ।

डोटी जिल्लामा शिखर नगरपालिका ऐतिहासिक, प्राकृतिक, साँस्कृतिक तथा धार्मिक दृष्ट्रिकोणले महत्वपूर्ण रहेको क्षेत्र भएकोले विशेष पर्यटकीय केन्द्रको रूपमा विकास हुने सम्भावना छ । पवित्र धार्मिक एवं प्राकृतिक सौन्दर्यले भरिपूर्ण शिखरधार्मिक क्षेत्र, केदारेश्वर, सालमुनी एवं भागेश्वर लगायत शक्ति पिठहरु, सेती नदी एवं लामीताल, देउताल, खकरताल, चुरमुनी ताल लगायत महत्वपूर्ण ऐतिहासिक ताल तलैयाहरु जडीबुटी, वन पैदावर,कृषि, पशुपालन, नगदेबाली लगायत थुप्रै सम्भावनाका क्षेत्रहरू छन् । यी क्षेत्रहरूको प्रभावकारी प्रयोग र दिगो विकास गरी आत्मनिर्भर अर्थतन्त्रको विकास मार्फत विकासका क्षेत्रमा अहिलेसम्म भएका सकारात्मक प्रयास, राजनैतिक दलहरूबाट भएको सहयोग, विकास साझेदारहरूको प्रयास, विभिन्न सरकारी एवं गैरसरकारी निकायहरूको सहयोग, समन्वय र सहकार्य, निजी क्षेत्रको प्रवेश, पत्रकार तथा नागरिक समाज लगायत शिखरवासीको विकासप्रति रहेको चासो शिखरको समग्र विकासको लागि अवसरका रूपमा लिएको छु ।

कृषि, वन वातावरण तथा अन्य पूर्वाधार र सशक्तिकरणका कार्यक्रमहरूमा विभिन्न सरकारी तथा गैह्र सरकारी क्षेत्रबाट वर्षेनी लाखौं लगानी भएतापनि खाद्य असुरक्षा, गरिबी, असमानता, जातीय भेदभाव, छुवाछुत , महिला हिंसाका घट्नाहरूबाट पार पाउन सकिएको छैन । दुर्गमता, निरक्षरता र अदक्षताले गाँजीरहेको छ । नगरपालिकाको आन्तरिक आय स्रोत अत्यन्तै न्युन हुनु, विकासको प्रतिफल लक्ष्यित समुदायसम्म पुर्‍याउन नसक्नु थप चुनौतिहरूका रूपमा रहेका छन् । नगरपालिका र वडाहरूले शून्य अवस्थाबाट काम शुरू गर्नुपर्दा धेरै कठिनाइहरू व्यहोर्नु परिरहेको छ । उल्लेखित चुनौतिहरूको  बावजुत सबै सरोकारवाला निकायहरूको समन्वय र सहकार्यमा दिगो विकास गरी यसका प्रतिफल लक्ष्यित समुदायसम्म पुर्‍याउन हामीले सामुहिक प्रयास गर्नु निरन्तर आवश्यक रहेको कुरा स्मरण गराउन चाहन्छु ।

सबै बर्ग, क्षेत्र, जातजाती, उमेर समूह, लिङ्ग, विपन्न वर्ग, असहाय, अपाङ्गता भएका व्यक्तिहरुलाई विकासको मूल प्रवाहमा ल्याई समुन्नत नगर बनाउने चुनौतीको सामना गर्न हामी सबै प्रतिवद्ध भएर लाग्नुपर्ने अवस्था विद्यमान रहेको छ ।

**अध्यक्ष महोदय,**

यस नगरपालिकाको बाह्रौं नगरसभाको अधिवेशनबाटविभिन्न विषयगत क्षेत्र पुर्बाधार विकास, सामाजिक विकास, आर्थिक विकास, वन तथा वातावरण, विपदव्यवस्थापन, सुशासन तथा सँस्थागत विकासमा नीतिहरु पारित गरेका थियौं उक्त नीतिहरु कुनै वार्षिक रुपले पूरा गरिने र कुनै नीति आवधिक हिसाबले कार्यान्वयन गर्ने अवस्थामा हामी छौ, नीतिहरु हाम्रा मार्गदर्शन हुन र यस नगरसभाको तेह्रौं अधिवेशनले पनि केही नीतिहरुमा गतवर्षकै निरन्तरता र केही नयाँ किसिमका नीति तथा कार्यक्रमसमेत ल्याउने प्रयास गरिएको छ । सबै नीतिलाई कार्यक्रम र बजेटसँग मेल खाने किसिमले लैजानका लागि समेत म यस गौरवमय सभाका सदस्यहरुलाई आग्रह गर्न चाहन्छु ।

हामीले सहभागीतात्मक नगर विकास योजना तर्जुमा प्रक्रिया अवलम्वन गरी बस्ती तथा टोल र वडास्तर हुदै आएका योजनाहरुलाई केन्द्रीय सरकारको मार्गदर्शन समेतलाई ध्यानमा राखी आ.ब. २०८०।०८१ को नीति, कार्यक्रम र नगर विकास योजना तर्जुमा गरिएको प्रस्तुत बजेट नीति तथा कार्यक्रमले यस नगरपालिकाको विकास, उन्नति र प्रगतिका लागि आधार तयार गर्नेछ भन्ने कुरामा म विश्वस्त रहेको छु ।

**आदरणीय सभाध्यक्षज्यु, नगरसभाका सदस्यज्युहरु,**

नगरलाई सभ्य, आकर्षक, भ्रष्टाचार, अनियमिता र ढिलासुस्ती रहित सुविधा सम्पन्न बनाउन यस सभामा उपस्थित जनप्रतिनिधी लगायत राजनीतिक दल, उपभोक्ता समिति, नागरिक समाज, पत्रकार, महिला, दलित, अपाङ्ग, जनजाति बुद्धिजिबी, शिक्षक, समाजसेवी, कर्मचारी, नगर एंव जिल्लावासी सबैको कर्तव्य हो । विगतका सहज असहज कुराको समीक्षा गदै आगामी दिनमा कसरी सहजताका साथ राम्रो गर्न सकिन्छ भनी केही लक्ष्यित कार्यक्रम, नीति तथा योजना तर्जुमा गर्दै अगाडी बढ्नुपर्ने आवश्यकताका कारण नगरसभाले केही लक्ष्यित कार्यक्रम तथा नीतिहरुलाई निम्नानुसार अगाडि सारेको छ ।

## आर्थिक वर्ष २०८०।०८१को नीति, कार्यक्रम तथा बजेट

**१.दिर्घकालीन सोच :**

**"सेतीको सुशेली, कृषि पर्यटन र पूर्वाधार"**
**"शिखर नगर विकासको मूल आधार"**

**आगामी आ.ब. २०८०/०८१को नारा**

**"समृद्धि र सुशासन आजको आवश्यकता"**
**"समावेशी र दिगो विकास हाम्रो प्रतिबद्धता"**

२.१.२. लक्ष्य : प्राकृतिक साधनस्रोतको प्रभावकारी रुपमा उपयोग गरी समावेशी र दिगो विकासका माध्यमबाट आर्थिक रुपले आत्मनिर्भर र समुन्नत बनाउनका लागि पुर्वाधार, पर्यटन, शिक्षा एवम् कृषिमा जोड दिईरोजगारीको सिर्जनागरी सुशासन प्रबर्द्धन मार्फत सम्बृद्ध नगर र खुशी नगरवासी बनाईनेछ ।

**यस गरिमामय नगरसभाका अध्यक्ष ज्यू, सदस्यज्यूहरु**
अब म आगामी आ.ब. को आय व्ययको सँक्षिप्त अनुमानित विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।
**अनुमानित आय व्यय र स्रोत व्यवस्थापन :**

यस नगरपालिकामा प्राप्त भएको निकासा दातृ निकाय एवं सँस्थाबाट प्राप्त हुने बजेट सहितबाट यस नगरपालिकाबाट प्राप्त चालु आ.ब.कोलागि निम्नानुसारको सँक्षिप्त खाका प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

यस नगरपालिकाको आर्थिक वर्ष २०८०।०८१का लागि कुल अनुमानित आय **रु६४,८७,४०,००० (चौसट्टी करोड सतासी लाख चालीस हजार मात्र)**रहेकोछ ।

| आयतर्फ | | | |
|---|---|---|---|
| क्र.सं. | शिर्षक | | रकम रु. |
| १ | समानीकरण अनुदान संघ सरकार | | १०,५४,००,०००(दश करोड चौवन्न लाख मात्र) |
| २ | समानीकरण अनुदान प्रदेश सरकार | | ८८,६७,०००(अठासी लाख सरसट्टी हजार मात्र) |
| ३ | समपुरक अनुदान संघ सरकार | | १,५०,००,०००(एक करोड पचास लाख मात्र) |
| ४ | समपुरक अनुदान प्रदेश सरकार | | १,२०,२७,००० (एक करोड वषि लाख सत्ताईस हजार मात्र) |
| ५ | बिषेश अनुदान संघ सरकार | | २,५०,००,०००(दुई करोड पचास लाख मात्र) |
| ६ | बिषेश अनुदान (चालु) प्रदेश सरकार | | ८५,००,००० (पन्चासी लाख मात्र) |
| ७ | राजश्व बाँडफाँड संघ सरकार | | १२,०५,३०,०००(बार करोड पाँच लाख तसि हजार मात्र) |
| ८ | राजश्व बाँडफाँड प्रदेश सरकार | | ७०,६६,००० (सत्तरी लाख छयासट्टी हजार मात्र) |
| ९ | सशर्त अनुदान (चालु) | | ३१,३४,००,००० (एक्तीस करोड चौतीस लाख मात्र) |
| १० | सशर्त अनुदान (पुँजिगत) | | १,९५,००,००० (एक करोड पन्चानब्बे लाख मात्र) |
| १२ | सशर्त अनुदान (चालु) प्रदेश सरकार | | ५,५०,००० (पाँच लाख पचास हजार मात्र) |
| १३ | सशर्त अनुदान (पुँजिगत) | | २९,००,००० (उनन्तीस लाख मात्र) |
| १४ | आन्तरीक आय तर्फ | | १,००,००,००० (एक करोड मात्र) |
| **जम्मा** | | | **६४,८७,४०,००० (चौसट्टी करोड सतासी लाख चालीस हजार मात्र)** |

***३. अनुमानित व्यय र श्रोत व्यवस्थापन***

**आयः-** आगामी आ.ब. २०८०।०८१मा कुल आम्दानी रु **६४,८७,४०,०००**प्रस्तावित गरिएको छ।

व्ययतर्फ : नगर तथा वडातर्फ कर्मचारी तलब, जनप्रतिनीधीको सेवा सुविधा र प्रशासनिक खर्चमा १२,७५,९६,००० साथै नगर, वडा र विषयगत शाखा तर्फको विकास तथा पूजीगत कार्यक्रम खर्च तर्फ रु. **१२,४२,६७,०००**.विनियोजन प्रस्ताव गरिएको छ ।

विषयगत कार्यालय शसर्त अनुदान कार्यक्रमतर्फ रु.३३,६३,५०,०००विनियोजन प्रस्ताव गरिएको छ ।

सँघ तथा प्रदेश सरकारबाट तोकिएका विषेश अनुदान र समपुरक अनुदानतर्फ रु६,०५,२७,००० रकम प्रस्ताव गरिएको छ ।

**आदरणिय नगरसभाका अध्यक्ष, सदस्यज्यूहरु,**

शिखर नगरपालिकालाई जनअपेक्षा अनुरुप विकासका चाहना पुरा गर्ने, स्थानीय सरकार र स्थानीयवासी बीचको सुमधुर सम्बन्ध कायम गर्ने, आधुनिक प्रविधी र मौलिक पहिचानको समिश्रणबाट शिखर नगरपालिकालाई समृद्ध, सुरक्षित र जीवन्त साँस्कृतिक शहर बनाउने हाम्रो दृढ सङ्कल्प अविचलित छ । यस अवसरलाई सदुपयोग गर्दै सम्पुर्ण नगरवासिलाई स्वच्छ, निष्पक्ष, न्यायपुर्ण र प्रतिवद्ध नेतृत्व प्रदान गरिनेछ साथै नगरपालिकाले अघि सारेको प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग पुर्‍याउन नेपाल सरकार, प्रदेश सरकार, विकास साझेदाहरु, निजी क्षेत्र, अन्तर्राष्ट्रिय दातृ निकाय, समुदाय, नगरपालिका कर्मचारी, मतदाता र सम्पुर्ण बुद्धिजिवी प्रवुद्धवर्गमा हार्दिक अपिल गर्दछु

अन्तमा प्रस्तुत बजेट र कार्यक्रमको कार्यान्वयनको निम्ति यहाँहरुवाट प्राप्त हुने रचनात्मक सुझावलाई मार्गदर्शनको रुपमा लिएर शिखर नगरपालिका कार्यान्वयनको निम्ति अगाडी वढ्ने विश्वास दिलाउँदै कार्यक्रमको सफल कार्यान्वयनमा यहाँहरु सवैको सहयोग निरन्तर रहने अपेक्षा गरेका छौ ।

धन्यवाद !

सुनिता रावल जोरा
उप प्रमुख एवं नगरसभा सदस्य
शिखर नगरपालीका
तल्कोट, डोटी